# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ ७ गते ०८ साल

## भाग ७

### स्वास्थ्यमन्त्रालयको सूचना

नेपाल भरमुलुकका अस्पताल औषधालयको हाल स्थिति के कस्तो छ? केही सुधार गर्नुपर्ने भए के कति कस्तो सुधारको आवश्यकता छ? हालै गर्नुपर्ने कति र पछि गरे पनि हुने के कति छ। यस विषयमा र नयाँ अस्पताल औषधालय डिस्पेन्सरीहरू खडा गर्नुपर्ने कहाँ कति छन्, सो विषयमा पनि अघि सर्क्युलर भएका सूचनाअनुसार आजसम्म यस मन्त्रालयमा लेखी पठाएकोमा उचित कारवाईको निमित्त विचार हुँदै रहेको र अरू लेखी नआई छुट भइरहेका कुनै जिल्ला, गौंडा, अथवा गोस्वाराका बडाहाकिम तथा स्थानीय जनताहरूलाई समेत यसद्वारा सूचित गरिन्छ कि अब आउने साललाई क्रमशः चाँडो प्रबन्ध मिलाइदिनुपरेकाले हाकिम बडाहाकिमहरूले तालुक डाइरेक्टर जनरल मेडिकल डिपार्टमेन्ट, काठमाडौं मार्फत तथा स्थानीय जनताहरूले स्थानीय जिल्ला बडाहाकिमहरू मार्फत आफ्नो स्थानका माग र चाहिने खर्च स्पष्ट खोली यो सूचना जारी भएको ३५ दिनभित्रमा पठाइदिनुहोला। श्रीबडाहाकिमहरूलाई पृथक् आदेश आउने छैन।

गोरखापत्र छापाखानाबाट प्रकाशित